## संघीय संसद
# प्रतिनिधि सभा
## आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि माननीय सदस्यहरुबाट प्राप्त संशोधनका सूचनाहरू

| क्र.सं. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यको नाम | सम्बन्धित दल | नीति तथा कार्यक्रमको बुंदा नं. | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| १. | मा० श्री श्याम कुमार घिमिरे | नेपाली काँग्रेस | २७ | अध्ययनका आधारमा बन्द तथा रुग्ण अवस्थामा रहेका सार्वजनिक संस्थानहरुको पुर्नसंमरचना, पूनरुत्थान वा विनिवेष गरिनेछ पछि भनेको स्थानमा त्यस्ता संस्थाहरुलाई निजीकरण, साझेदारी वा लिक्वीडेशनमा लैजाने व्यवस्था गर्नु पर्नेछ थप गर्ने । |
| | | | ३६ | कृषि उत्पादन बृद्धि गर्न भूमिको चक्लाबन्दीलाई प्रोत्साहित गरिनेछ त भनियो तर चक्लाबन्दी सम्बन्धी नीति प्रस्तुत गरिएन । |
| | | | ४८ | कृषि पर्यावरण र प्रकृति पर्यटनको प्रवर्द्धन गरिनेछ त भनियो तर पर्यटनको बारेमा केही बोलिएन । |
| | | | ५२ | सिमान्तकृत र विपन्न परिवारलाई वडा तहमा सहुलियत खाद्यान्न पसलको व्यवस्था गरिनेछ भनिएकोमा यो कस्ले गर्ने ? के सरकार अब चामल, दाल, नुन तेल बेच्न उत्रिएको हो? |
| | | | ५६ | पुनः सञ्चालनको सम्भावना रहेका हेटौंडा कपडा उद्योग र बुटवल धागो कारखानालाई सञ्चालनमा ल्याइनेछ भनेको अर्थ ११४ वटा सरकारी कम्पनिमध्ये १०५ वटा घाटामा गइसकेको अवस्थामा पनि सरकार अझै व्यवसायिक कम्पनी पुनः सञ्चालन गर्ने उदेश्यमा छ ? |
| | | | ६४ | पेट्रोलियम पदार्थको विषयमा धेरै कुरा गरिएता पनि यस्को विक्रि वितरणमा पनि निजी क्षेत्रलाई समावेश गरी आयल निगमलाई थप प्रतिस्पर्धि बनाउने कुरा उल्लेख भएको पाइएन । |
| | | | ८८ | ल्यान्डपुलिङ्गको माध्यमबाट व्यवस्थित सहरिकरण गर्ने एवं यस क्षेत्रमा निजी क्षेत्रलाई पनि समावेश गर्ने कुरा कतै उल्लेख छैन । |
| | | | ८९ | निःशुल्क विद्युत वितरण सित्तैबादको अर्को नमुना सरकारले प्रस्तुत गरेको छ । यो सार्वजनिक खपतको लागि मात्र हो । यसको प्रभावकारीता रहनेवाला छैन । |
| | | | १०२ | एक पालिका एक हुलाकको अवधारणा कार्यान्वयन गरिनेछ भनिएको छ । हुलाक सेवा विभागको औचित्य नै समाप्त भएको अवस्थामा यसलाई सुदृढिकरण गर्ने कुरा औचित्यहिन छ । अनावश्यक सरकारी खर्च बढाउने कुरा मात्र हो यो । त्यसैले निजी क्षेत्रबाट सञ्चालित कुरियर सेवाहरुलाई थप जिम्मेवार बनाएर हुलाक सेवा नै खारेज गर्नु पर्दछ । |
| | | | १२५-१३२ | क) यी वुंदाहरुमा शिक्षा सम्बन्धी विभिन्न विषयहरुमा चर्चा गरिएको छ तर माध्यमिक विद्यालयहरुमा प्राविधिक शिक्षा अध्यापन गर्ने विषय मौन छ । प्राविधिक शिक्षाको एकमात्र जिम्मेवारी लिएर वसेको सि.टि.इ.भि.टी. का विषयमा कुनै कुरा उल्लेख छैन ।<br>मनसाय पत्र लिएर पूर्वाधार तयार गरिसकेका निजि मेडिकल, इन्जिनियरिङ्ग लगायतका प्राविधिक कलेजहरु प्रति नीति तथा कार्यक्रम मौन छ साथै निजि क्षेत्रमा यस्ता प्राविधिक कलेजहरु खोल्ने विषयमा समेत मौन बसेको देखिन्छ । यो राम्रो कुरा होइन । |
| | | | १३३-१४४ | यी वुंदाहरुमा सार्वजनिक स्वास्थ्यका वारेमा व्यापक रुपमा उल्लेख गरिएको छ, तर के सरकारी स्वास्थ्य सेवा मात्र भएपनि निःशुल्क गर्न सकिन्न? |
| | | | १५७ | सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धि, समावेशी वनाउने भनिएको छ, तर माननीय मन्त्रीज्यूहरुले भटाभटी आफ्ना आसेपासे कार्यकर्ता, स्वकीय सचिव एवं विभिन्न प्रलोभनमा उच्च स्तरका राजनीतिक नियुक्तिहरु गर्न थालेवाट यसैलाई यसको प्रस्थान विन्दु मान्ने हो ? |
| | | | १८२-१८६ | यो वुंदाहरुमा कुटनितिक पक्षका विषयमा उल्लेख गरिएको छ, तर अनावश्यक कुटनितिक नियोगहरु एक आपसमा गाभ्ने, खारेज गरी खर्च हघटाउने विषय कतै उल्लेख भएको पाइएन । |
| | | | सवै | यस नीति तथा कार्यक्रममा उल्लेख भएका सवै कुराहरु व्यवहारमा लागु गर्ने हो भने सर्वप्रथम त हाम्रा व्यवहार र आचरणमा तुरुन्त परिवर्तन ल्याउनु पऱ्यो । दोस्रो कुरा १४-१५ अर्वको बजेट रहेको. यस मुलुकको वार्षिक बजेट ४०-५० अर्वको हाराहारी पुग्नु पऱ्यो । यो स्रोत कहांबाट ल्याउने हो र ३ अर्व डलरको पुंजीगत खर्च परिचालन गर्न नसकेको सरकारले यति धेरै रकम कसरी संचालन गर्न सक्छ ? |

| क्र.सं. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यको नाम | सम्बन्धित दल | नीति तथा कार्यक्रमको बुंदा नं. | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| २. | मा० श्री दिलेन्द्र प्रसाद बडू | नेपाली कांग्रेस | २८ | सम्बोधनको पृष्ठ १२ बुँदा नं. २८ को चौथो हरफमा रहेको राष्ट्रिय गौरवका र रुपान्तरणकारी आयोजनाको कार्यान्वयनमा प्राथमिकता दिइनेछ भन्ने वाक्य पछि - अहिलेसम्म पनि सडकको अभावमा आफ्नै देशको एक ठाउँबाट अर्को ठाउँमा आवत -जावत गर्न समेत विदेशी भूमिको प्रयोग गर्नुपर्ने बाध्यात्मक अवस्थाको अन्त गर्ने गरि देशको पश्चिमोत्तर सीमा क्षेत्रमा निर्माणाधिन दार्चुला तिंकर सडक जस्तो त्रिदेशिय व्यापार र रणनीतिक महत्वको सडकलाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा सञ्चालन गरि आगामी ४ (चार) वर्ष भित्र सम्पन्न गरिनेछ भन्ने वाक्यांश थप गर्ने । |
| ३. | मा० श्री चित्रबहादुर के. सी. | राष्ट्रिय जनमोर्चा | १ | शुरुमा “संघीय लोकतान्त्रिक गणतन्त्र” भन्ने उल्लेख भएकोमा “संघीय” शब्द हटाउने । त्यस्तै आठौं लाइनमा “जनयुद्ध” र “मधेश आन्दोलन” भन्ने शब्दावली हटाउने । |
| | | | ३ | पहिलो वाक्यलाई पुर्नलेखन गरी “तीनै तहमा निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण र भयरहित वातारणमा निर्वाचन सम्पन्न भएको भएता पनि लोकतन्त्र र गणतन्त्रमाथि प्रतिगमनको खतरा अझै रहेको छ ।” भन्ने उल्लेख गर्ने । |
| | | | १० | “कालापानीबाट भारतीय सेना हटाइने छ” भन्ने वाक्य थप गर्ने । |
| | | | ११ | बुँदाको शुरु वाक्यको “संविधान र संघीयताको प्रभावकारी कार्यान्वयन” भन्ने वाक्यांश हटाई “संघीयताको खारेज गरी संविधानको कार्यान्वयन र” भन्ने वाक्यांश राख्ने । |
| | | | १५ | बुँदाको अन्तिम वाक्यलाई हटाइ “आत्मनिर्भर र स्वाधीन राष्ट्रिय अर्थतन्त्रको विकास गरिने छ ।” भन्ने वाक्य थप गर्ने । |
| | | | २१ | बुँदाको अन्तिममा “सहकारीको नाममा भएका ठगी र भ्रष्टाचारलाई नियन्त्रण गरी दोषीहरुलाई कारबाही गरिने छ ।” भन्ने वाक्य थप गर्ने । |
| | | | २६ | बुँदाको अन्तिममा “राष्ट्रिय हित विपरितको एमसिसी सम्झौता खारेज गरिने छ ।” भनेर थप गर्ने । |
| | | | ३८ | बुँदाको दोस्रो वाक्यलाई पुनर्लेखन गरी “रासायनिक मल कारखाना स्थापना गर्न यसै आर्थिक वर्षदेखि तत्कालीन योजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।” भन्ने बनाउने । |
| | | | ३९ | बुँदाको अन्तिममा “कृषिमा आधारित उद्योग स्थापना गरिने छ ।” भन्ने वाक्य थप गर्ने । |
| | | | ४२ | बुँदाको अन्तिममा “ र चुरे दोहन बन्द गरिनु पर्छ ।” भन्ने वाक्यांश थप गर्ने । |
| | | | ४४ | बुँदाको अन्तिममा “वन तस्करीलाई रोक्न कडा कानुन बनाइ कार्यान्वयनमा ल्याइने छ” भन्ने वाक्य थप गर्ने । |
| | | | ५१ | बुँदाको अन्तिममा “हदबन्दीभन्दा बढी जमिनलाई विना मुआब्जा अधिग्रहण गरी भूमिहीन किसानहरुलाई वितरण गरिने छ र भू-माफियाहरुलाई कडा कारबाही गरिने छ ।” भन्ने वाक्य थप गर्ने । |
| | | | ५५ | बुँदाको दोस्रो वाक्यलाई पुरै हटाउने । |
| | | | ६१ | बुँदा नं. ६१ लाई पुनर्लेखन गरी “ढुंगाखानीहरुको व्यवसायीक रुपमा संरक्षण र प्रवर्द्धन गरी आय र रोजगार सृजना हुने नीतिगत र कानुनी व्यवस्था मिलाइने छ” भन्ने बनाउने । |
| | | | ६५ | बुँदाको अन्तिममा “नवलपरासी पश्चिम, रुपन्देही र कपिलवस्तुलाई समेटेर बृहत्तर बौद्ध पुरातात्विक शहर निर्माण गरिने छ” भन्ने वाक्य थप गर्ने । |
| | | | ९२ | बुँदाको पाँचौ वाक्यमा “प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गरिने छ” भन्ने हटाई “स्वदेशी लगानीलाई प्रोत्साहन गरिने छ” भन्ने वाक्यांश थप गर्ने । |
| | | | १२९ | बुँदाको अन्तिममा “शिक्षा क्षेत्रमा रहेको व्यापारीकरण र प्रतिभा पलायनलाई रोकिने छ ।” भन्ने वाक्य थप गर्ने । |
| | | | १५५ | बुँदाको अन्तिममा “हेल्प डेस्क नपुगेका तर नेपाली कामदारहरु पुगेका सबै मुलुकमा हेल्प डेस्कको स्थापना गरिने छ” भन्ने वाक्य थप गर्ने । |
| | | | १६६ | बुँदाको दोस्रो वाक्यको शुरुमा “भारत लगायत” भन्ने शब्दावली थप गर्ने र वाक्यको अन्तमा “साथै उनीहरुलाई संसदमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिने छ” भन्ने वाक्यांश थप गर्ने । |
| | | | १७९ | बुँदाको शुरुमा “उच्च पदस्थ” पछि “राजनीतिकर्मी एवं प्रशासनिक तहका व्यक्ति” भन्ने वाक्यांश थप गर्ने । |

| क्र.सं. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यको नाम | सम्बन्धित दल | नीति तथा कार्यक्रमको बुंदा नं. | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| ४. | मा० डा० चन्दा कार्की भण्डारी | राष्ट्रिय स्वतन्त्र पार्टी | २३ | देशभर खासगरी मधेश प्रदेश, कर्णाली प्रदेश र सुदुर पश्चिममा वीमाको पहुँच विस्तार गरिने छ पछि त्यहाँका भन्ने शब्द थप गर्ने । |
| | | | २८ | "निर्धारित समयमा आयोजना सम्पन्न नगर्ने निकाय वा ठेक्का कम्पनी प्रति राज्यले निर्मम भई दण्डित गर्ने व्यवस्था गर्नेछ । "भन्ने शब्द थपगर्ने । |
| | | | ३१ | यो बुँदामा उत्पादन गर्ने वस्तुहरु पनि तोक्नु उचित होला "कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि नहुनुको कारण र बद्धि गर्ने उपायहरुको खोजि निश्चित समयभित्र गर्ने व्यवस्था मिलाईनेछ" भन्ने पंक्ति थप गर्ने । |
| | | | ५६ | "ईमान्दार, परिश्रमि र राष्ट्रभक्त उद्यमिहरुलाई दुःख दिने गरि आफ्नो पदको दुरुपयोग गरि, स्वार्थी र लोभी भई सत्ताको आडमा घुसखोरी जस्ता कार्यमा सरिक भएको पाइएमा राज्यको कुनैपनि तह र निकायका कर्मचारी/ पदाधिकारी /नेताहरुलाई राज्यले निर्मम भई दण्डित गर्ने नीति अख्तियार गर्नेछ" भन्ने शब्द थप गर्ने । |
| | | | १०७ | "आफ्नो भौगोलिक परिवेशका कारण नेपालले जलवायू परिवर्तनलाई एउटा मुख्य मुद्दाका रुपमा ग्रहण गर्नेछ । जलवायू परिवर्तन सम्बन्धी सोध, अध्ययन र नीतिहरुमा विशेष पहल गरिनेछ । खाद्य सुरक्षा, कृषि प्रणालिमा सुधार, पशुपालन, महामारी, बन सम्वर्द्धन, जलवायू परिवर्तन र यस सम्बन्धी शिक्षामा सुधार गर्नेछ । " भन्ने शब्द थप गर्ने, |
| | | | ११९ | अन्तिम लाइनमा दुर्गम क्षेत्र मात्र नभनि दुर्गम तथा पिछडिएका क्षेत्र भन्नु उचित र न्यायपूर्ण हुन्छ भन्ने शब्द थप गर्ने । |
| | | | १२१ | अपाङ्गता भन्ने शब्द अगाडी शारिरिक तथा वौद्धिक थप्नु पर्ने । वुंदाको अन्तिममा "यो वर्गका लागि स्वास्थ्य संस्थाहरुमा र शैक्षिक संस्थाहरुमा विशेष व्यवस्था गरिनुका साथै यस्ता व्यक्तिहरुका लागि राज्यले केयर होम वा वैकल्पिक उपायहरुको व्यवस्था गर्ने नीति लिइनेछ ।" भन्ने वाक्य थप गर्ने । |
| | | | १२२ | बुंदाको अन्तिममा निम्न बाक्यहरु थप गर्ने-<br>पचास शैयाभन्दा बढी क्षमता भएका स्वास्थ्य संस्थाहरुले कम्तिमा चार प्रतिशत शैया ज्येष्ठ नागरिकहरुका लागि छुट्याउने व्यवस्था गरि उनिहरुको राम्रो स्याहारको नीति अपनाई काम गर्नुपर्ने छ ।<br>असहाय, परिवार र समाजबाट प्रताडित अवस्थामा रहेका ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र उनिहरुको रेखदेखको आवश्यक प्रवन्ध मिलाउने नीति अवलम्वन गरिने छ । |
| | | | १२६ | बुंदाको अन्तिममा निम्न बाक्यहरु थप गर्ने-<br>"शिक्षण संस्थाहरुमा कसैले पनि भ्रष्टाचार गरि, राजनीति गरि वा आफ्नो पद र शक्तिको दुरुपयोग गरि वालवालिकाको भविष्य प्रति खेलावाड गरेमा निर्मम दण्डको भागिदार बन्नु पर्नेछ । " |
| | | | १३१ | तेस्रो हरफमा "एक प्रदेशमा एकमात्र मेडिकल कलेजको स्थापना हुनु पर्ने र एकभन्दा बढी कलेज भएका प्रदेशमा दुईभन्दा बढी मेडिकल कलेज हुनु नहुने र भएमा बैंक जस्तै मर्जरको नीति अवलम्वन गरिनेछ ।  " भन्ने शब्द थप गर्ने । |
| | | | १३३ | चौथो हरफमा स्वास्थ्य केन्द्र स्थापना गरिनेछ भनेका ठाउँमा "स्वास्थ्य केन्द्र, आवश्यक जनशक्ति तथा उपकरणहरु सहित स्थापना गरिनेछ ।" भन्ने शब्द थप गर्ने । |
| | | | १३४ | पहिलो पंक्तिमा Anacothetist थप गर्ने, वुंदाको अन्तिममा "आधारभुत अस्पतालहरुमा सडक, वत्ती, पानी, ढल र फोहोर व्यवस्थापनको विशेष व्यवस्था गरिने छ ।" भन्ने शब्दहरु थप गर्ने । |
| | | | १३५ | अन्तिम लाईनमा व्यवस्था मिलाईनेछ पछि अनिवार्य सञ्चालन गर्न चाहिने कुराहरुको प्रवन्ध र व्यवस्थापन गरिनेछ भन्ने शब्द थप गर्ने । |
| | | | १३६ | पहिलो लाईनमा सुरक्षित मातृत्व पनि थपि हरेक प्रदेशमा एउटा सुविधा सम्पन्न प्रसुति एवं स्त्री रोग अस्पतालको व्यवस्था गरिनेछ भनी थप्नु पर्ने । |
| | | | १३८ | बुँदा नं. ७ को संशोधनको मर्मलाई पनि यो बुँदामा समाहित गर्नु पर्ने । |
| | | | १४१ | पहिलो लाईनमा मेडिकल कलेजहरुलाई तिनको मूल्याङ्कनको आधारमा मात्र पूर्ण क्षमतामा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्छ भन्ने शब्द थप गर्ने । |

| क्र.सं. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यको नाम | सम्बन्धित दल | नीति तथा कार्यक्रमको बुंदा नं. | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| ५. | मा० श्री गंगाराम चौधरी | नागरिक उन्मुक्ति पार्टी | ३१ | कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरि क्रमशः आत्म निर्भरता हासिल गरिनेछ । वास्तविक कृषकहरुलाई किसान कार्डको व्यवस्था गरि किसान कार्डको आधारमा विउ विजन, मलखाद र अनुदानको व्यवस्था गरिनेछ भन्ने शव्द थप गर्ने । |
| | | | ३८ | रसायनिक मल खाद समय मै भूगोल र स्थानिय किसानको गर्ने खेतिको आवश्यकता अनुसार उपलव्ध गराईनेछ भन्ने शव्द थप गर्ने । |
| | | | ४० | आवश्यकता पहिचान गरि नदी नालाहरु डाइभर्सन गरिनेछ भन्ने शव्द थप गर्ने । |
| | | | ४१ | वास्तविक साना किसानहरुलाई सतप्रतिशत विद्युत सेवा उपलव्ध गराईनेछ । डिपट्युवेल धाराहरुभन्दा नहर कुलो सिँचाईलाई प्राथमिकता दिनु पर्नेछ भन्ने शव्दहरु थप गर्ने । |
| | | | ७५ | बाढी पीडित पालिका/नगरलाई बाढी पीडित क्षेत्र पालिका/नगर घोषणा गर्नु पर्नेछ । बाढी पीडित किसानहरुलाई निःशुल्क वैकल्पिक खेती अनुदान दिइनेछ भन्ने शव्द थप गर्ने । |
| | | | १४० | प्रदेश स्तरिय सिकलसेल एनिमिया अस्पतालको व्यवस्था गरिने छ भन्ने व्यवस्था थप गर्ने । |
| | | | १७६ | निर्दोष सफाई पाएका शान्तीपूर्ण आन्दोलनका जेलवन्दीहरुलाई कति वर्ष जेल सजाय राखियो सोही आधारमा क्षति पूर्तिको व्यवस्था सरकारबाट लागू गर्नु पर्ने छ भन्ने व्यवस्था थप गर्ने । |
| ६. | मा० श्री एकनाथ ढकाल | ने.क.पा. एमाले | १८२ | "नेपालले विगत देखि वर्तमान सम्म विश्व शान्तिको लागि पुऱ्याएको सकारात्मक योगदान, शान्तिको अग्रदुत भगवान गौतम बुद्धको जन्मस्थल र असंलग्न परराष्ट्र नीति लिएका राष्ट्र नेपाललाई "शान्ति क्षेत्र" घोषणा गरी सबै मित्रराष्ट्रको समर्थन जुटाइनेछ" भन्ने थप गर्नुपर्ने । |
| ७. | मा० श्री बासुदेव घिमिरे | ने.क.पा. एमाले | ७२ | एघारौ हरफमा रहेको निजगढ .... बढाइनेछ भन्ने शव्दको सट्टा "मौजुदा तथा अन्तर्राष्ट्रिय विमान स्थल पूर्ण रुपमा सञ्चालन गरी सकेपछि मात्र निजगढमा अन्तर्राष्ट्रिय विमान स्थल निर्माण कार्य सुरु गरिनेछ" भन्ने शव्द राख्ने । |
| | | | ७३ | "लुम्विनीमा एकिकृत लुम्विनी सम्वृद्धि कार्यक्रम लागू गरिनेछ" भन्ने शव्द थप गर्ने । |
| | | | १०२ | "एक पालिका एक हुलाकको अवधारणा समय सापेक्ष छैन यसको सट्टा भएका हुलाक कार्यलयहरुलाई इन्टरनेट सेवा प्रदायक कार्यालयको रुपमा रुपान्तरण गरिनेछ ।" भन्ने थप गर्ने । |
| ८. | मा० श्री सूर्यबहादुर थापा क्षेत्री | ने.क.पा. एमाले | ५ | "सरकारले लिएका नीतिगत तथा अन्य सुधारात्मक उपायको परिणाम स्वरुप सवै क्षेत्रमा सकारात्मक नतिजा देखिन थालेको सरकारले कार्यभार सम्हालेको छोटो अवधिमा प्राप्त उपलव्धिहरु उत्साहजनक छन् भन्ने अंशको सट्टा देश आर्थिक मन्दीको जर्जर अवस्थाबाट गुज्रिएको हुँदा यसबाट निकास दिन ठोस वस्तुपरक रुपमा अघि बढने" वाक्य राख्ने । |
| | | | ७ | आर्थिक - समाजिक रुपान्तरणमा तिव्रता आउनुका साथै विकास निर्माणले गति लिन थालेको भन्ने झुठो दावी हटाउने । यसमा अवरुद्ध भइरहेको विकास प्रक्रियालाई तिव्रता दिइनेछ भन्ने उल्लेख गर्ने । |
| | | | ५७ | आन्तरिक खपत तथा निर्यातबाट बचत हुने, विद्युत सहुलियत दरमा उपलव्ध गराई उद्योगको प्रतिश्पर्धी क्षमता वृद्धि गरिने भन्ने उल्टो भयो । आन्तरिक खपत र उद्योगको प्रयोगबाट बाँकी विद्युत निर्यात गरिनेछ भन्ने बनाउने । |
| | | | ७९ | "मोट्रोरेल, मोनोरेल ट्राम निर्माण तथा सञ्चालनको अध्ययन गरिनेछ" भन्ने वाक्य हटाएर मेट्रो रेल तथा मोनोरेल ट्रामको निर्माण गरिने उल्लेख गर्ने । |
| | | | १६६ | नागरिकता सम्बन्धी समस्या अविलम्व समाधान गरिनेको सट्टामा नयाँ नागरिकता कानून बनाई छिटो समाधान गरिनेछ । |
| | | | १७९ | "उच्च पदस्थ लगायत जो कोहीले गैर कानूनी रुपमा आर्जन गरेको सम्पत्तिलाई छानविनको दायरमा ल्याइनेछ" भन्ने वाक्यको सट्टामा उच्च पदस्थ लगायत जो कोहीले गैर कानूनी रुपमा आर्जन गरेको, शान्ती प्रक्रियाको दोहन गरि लडाकु सिविर व्यवस्थापन घोटाला गरि क्यान्टोनमेन्टमा गरेको भ्रष्टाचारको छानविन गरि कारवाही गरिनेछ भन्ने वाक्यांश राखिनु पर्ने । |
| ९. | मा० श्री नारायण प्रसाद आचार्य | ने.क.पा. एमाले | ८५ | महानगरपालिका र नगरपालिकाहरुको सहभागितमा एकिकृत संयन्त्र निर्माण गरि सहरि विकास सम्बन्धी कार्यक्रमहरु ७५३ तहको समन्वयात्मक रुपमा सञ्चालन गरिने छ भन्ने व्यवस्था थप गने । |
| | | | १२ | हेर्नु पर्ने |

| क्र.सं. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यको नाम | सम्बन्धित दल | नीति तथा कार्यक्रमको बुंदा नं. | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| | | | ३० | राष्ट्रिय योजना आयोगलाई पुनर्संरचना गरि नीति योजना तथा अनुगमनको केन्द्रिय निकायको रुपमा विकास गरिनेछ तर योजना आयोग गठन आदेशमा गठन भएको हुँदा तिनै तीनै तहको योजनावद्ध काम गर्न ऐन नै बनाएर राष्ट्रिय योजना आयोगलाई नीति निर्माण र समन्वयको निकायको रुपमा विकास गरिनेछ भन्ने व्यवस्था थप गर्नुपर्ने । |
| | | | १२८ | हरेक स्थानिय तहमा कम्तिमा एक विद्यालय स्मार्ट विद्यालय प्रविधिको माध्यमबाट पठन पाठन हुनेछ । हरेक स्थानिय तहमा एक वटा नमूना आवासिय विद्यालय हुनेछ भन्ने व्यवस्था र विद्यालयको मापदण्ड तय गरिनेछ भन्ने व्यवस्था थप गर्नु पर्ने । |
| | | | १३४ | हरेक स्थानिय तहमा विगतमा लागू गरिएको १५, १०, ५ शैया अस्पतालहरु र जिल्ला अस्पतालहरुलाई सवै प्रकारको सेवा दिने विशेषज्ञ अस्पतालको पुरा गरि सेवा प्रदान गरिनेछ भन्ने व्यवस्था थप गर्ने ।<br>अन्तिममा थप गर्नुपर्नेः-<br>- हरेक स्थानिय तहमा भूमि वैंक स्थापना गरिनेछ ।<br>- तीनै तहको सरकारको समन्वय र सहकार्यमा स्थानिय सडक पहुँच मार्ग, कृषि सडक पर्यटकिय सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन क्षेत्र र भाषा संस्कृत संरक्षण लगायतमा समन्वय र सहकार्यको मोडेलमा जाने नीति अवलम्वन गरिनेछ भन्ने व्यवस्था थप गर्नु पर्ने ।<br>- जनता आवास कार्यक्रम र सुरक्षित नागरिक आवास कार्यक्रम समावेश गर्नुपर्ने । |
| | | | ५६ | अन्तिममा सुनवल चिनी मिल, भृकुटी कागज कारखानालाई समेत थप गर्नु पर्ने । |
| १०. | मा० श्री रामप्रकाश चौधरी | लोकतान्त्रिक समाजवादी पार्टी | ८३ | उल्लेखित १० वटा नयाँ सहरको साथसाथै पूर्वपश्चिम राजमार्गको आसपास सर्लाही महोत्तरी जिल्ला अव्यवस्थित सागरनाथ वनविकास परियोजनाको ठाउँमा पनि आधुनिक व्यवस्थित नयाँ सहरको रुपमा विकास गर्ने भन्ने व्यवस्था थप गर्नुपर्ने । |
| | | | १३१ | चिकित्सा शिक्षालाई सर्व सुलभ उपलव्ध हुने हेतु नेपाल प्रहरी अस्पताल सशस्त्र प्रहरी अस्पताल निजामति अस्पताल र तिलगंगा आँखा अस्पतालाई समेत मेडिकल कलेजको रुपमा मान्यता प्रदान गर्ने भन्ने व्यवस्था थप गर्नुपर्ने । |
| ११. | मा० श्री सोबिता गौतम | राष्ट्रिय स्वतन्त्र पार्टी | ३२ | "रैथाने बाली, बीउबिजन, नश्ल र कृषि तथा पशुपन्छीजन्य जैविक विविधता संरक्षणमा स्थानीय तह र समुदायलाई प्रोत्साहन गरिने छ" को सट्टा "स्रोत विनियोजन गरी जिम्मेवार बनाइनेछ" लेख्ने । |
| | | | ३३ | "कृषि, पशुपंक्षी र खाद्यसम्बन्धी प्रयोगशाला अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप स्तरोन्नति गरी यस्ता वस्तुहरुको ओसारपसार हुने सबै भन्सार विन्दुहरु र मुख्य सहरहरुमा प्रयोगशाला स्थापना गरिनेछ" भन्ने थप्ने । |
| | | | ३४ | "उपयोगमा नआएका तथा बाँझौ जमिनमा कृषि खेती प्रवर्द्धन गर्न युवा लक्षित सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ" को सट्टा "प्रोत्साहन गर्न कार्यान्वयन योग्य कानूनी संरचना बनाइने" भनेर थप्ने । |
| | | | ३५ | "स्थानीय कृषक, लघु, घरेलु तथा साना उद्योगका उत्पादनहरुलाई बजारीकरणमा टेवा पुऱ्याउन स्थानीय सरकारको समन्वयमा अनिवार्य हाट बजार सञ्चालनमा ल्याइनेछ, हाट बजार जस्तो मौलिक नेपाली अभ्यासलाई पुनर्जागरण गरिनेछ" भन्ने थप्ने । |
| | | | ३९ | "चिया, अलैंची र अदुवाको" सट्टा "चिया, अलैंची, अदुवा, लप्सी र टिम्मुर जस्ता" थप गर्ने । |
| | | | ४९ | "देशभरि भएका वर्षौ पूरा मुआब्जा विवादले आयोजना लागत पनि बढाइरहेको, निर्णय गर्ने कानूनी आधार पनि नभएको कारणले काम अगाडि बढ्न नसकेको तथ्यलाई मध्यनजर गर्दै समस्या समाधान गरी यथाशिघ्र योजना अगाडि बढाउन विशिष्टीकृत संरचना बनाइने, योजना निर्माण सम्पन्न हुने सुनिश्चितता पछि मात्र आसपासको जग्गा रोक्का गरिने कानूनी व्यवस्था ल्याइने" अन्त्यमा थप गर्ने । |
| | | | ६५ | "कपिलवस्तुको तिलौराकोट र जनकपुरधामको जानकी मन्दिर" पछि "साँखु र बज्रयोगिनी मन्दिरलाई विश्वसम्पदा सुचीमा समावेश गरिनेछ" थप गर्ने,<br>"ज्येष्ठ नागरिकहरुले देखेको र अनुभव गरेको भनाईलाई इतिहासको स्रोत मानेर आर्काइभ गरिनेछ" थप गर्ने । |
| | | | ८० | "विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गर्न होटल, पार्किङ्ग स्थलका साथै राजमार्गहरुमा ठाउँठाउँमा चार्जिङ्ग स्टेशन निर्माण गरिनेछ" भन्ने थप गर्ने । |
| | | | १३९ | "सातै प्रदेशका संघीय अस्पतालहरुमा बाँझोपन तथा निःसन्तान उपचार सेवा विस्तार गरिनेछ" पछि "कृतिम गर्भाधान प्रविधि प्रयोग |

| क्र.सं. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यको नाम | सम्बन्धित दल | नीति तथा कार्यक्रमको बुंदा नं. | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| | | | | गरी जन्मेका बच्चाहरुमा आनुवंशिक विचलन आउन नदिन विर्यदान, अण्डादानको तथ्याङ्कलाई केन्द्रिकृत तथ्यांक प्रणालीमा समावेश गरिनेछ" भन्ने थप गर्ने । |
| | | | १४० | "सातै प्रदेशमा कम्तिका एउटा जलन लक्षित अस्पताल Burn Hospital बनाइने, तत्काल यसो गर्न नसकिने अवस्था भए सबै जिल्ला अस्पतालमा स्पेशल जलन उपचार कक्ष बनाइने" थप गर्ने । |
| | | | १५२ | "श्रम सँस्कृतिको विकास गर्न आन्तरिक श्रम बजार सुधारका उपायहरु अवलम्बन गरेर आंशिक समय काम गर्ने (पार्ट टाइम जब) व्यवस्था लागू गरी सोको हकमा साप्ताहिक रुपमा पारिश्रमिक भुक्तानी गर्ने व्यवस्थाको सुरुवात गरिनेछ" भन्ने थप गर्ने । |
| | | | १६८ | अन्तिममा "नेपाल भित्र कारागारका कैदीहरुलाई उद्यमसँग जोडिने व्यवस्था गरिनेछ" भन्ने थप गर्ने । |
| १२. | मा० श्री जुली कुमारी महतो (महासेठ) | ने.क.पा. एमाले | ५६ | "जनकपुर चुरोट कारखाना पुनः सुचारु गर्नुपर्ने" भन्ने थप गर्ने । |
| | | | | "कृषि औजार कारखाना विरगंज, चिनी मिल विरगंज, स्टन चिनी मिल सुनसरी लगायत बन्द भएका सम्पूर्ण उद्योगहरुलाई सञ्चालनमा ल्याउनु पर्ने ।" भन्ने थप गर्ने । |
| | | | | "तराई मधेश चुरे संरक्षणलाई" नीति तथा कार्यक्रममा नै समावेश गर्नुपर्ने । |
| १३. | मा० श्री भगवती चौधरी | ने.क.पा. एमाले | २३ | "देशभर विमाको पहुँचमा विस्तार गरिनुपर्नेमा लघुविमा व्याख्यात्मक रुपमा राख्नु पर्ने । (जिवन विमा, कृषि वालि वीमा, स्वास्थ्य वीमा, कर्जा विमा) उल्लिखित हुनुपर्ने ।" |
| | | | ५६ | "सुनसरीमा औद्योगिक सेज औद्योगिक क्षेत्रको विकासको जरुरी छ । विराटनगर सुनसरी इटहरी करिडोरको बन्द तथा रुग्ण उद्योगहरु सञ्चालनमा ल्याइनु पर्ने । आरती लगायत बन्द भएका सबै .................. इस्टर्न सुगर मिल" |
| | | | ८६ | "भूमिगत र सतह स्रोतको संरक्षण गर्दै एक घर एक धारा सँगै तराई क्षेत्रमा शुद्ध खानेपानी आर्सेनिक मुक्त शुद्ध खानेपानी खान पाउनु पर्ने ।" भन्ने थप गर्ने । |
| | | | ८९ | "विपन्नलाई निःशुल्क विद्युतीय मिटर उपलब्ध गराईनेछ भन्ने जस्तो करिब आधारभूत तहको जनता, सुकुम्बासी अर्थात् ५ कट्ठा कम्ती जग्गा वा प्रति व्यक्ति आयू न्यूनतम यति भएका भन्ने राखिनु पर्दछ । अन्यथा आफ्नो मेरो सरकारमा हुनेको कार्यकर्ताले मात्र पाउने हुन्छ । त्यसो भएको हुनाले गरिबको वर्गीकरण विशिष्ठ गरिएको हुनु पर्दछ ।" भन्ने थप गर्ने । |
| | | | १२० | "सबै खाले बाल शोषणको अन्त्य गरिनेछ । बाल सुधार गृह भौतिक पूर्वाधार मात्र बनाउनु एवं त्यस सुधार गृहमा राखिने बालबालिका सुधार भएपछि अर्थात् परामर्श केन्द्रबाट घर फर्कने घरमिलन कार्यक्रम शिक्षण प्रशिक्षण गरिनेछ भन्ने राखिनु पर्दछ । यस्ता बालबालिकालाई सँधै बाहिर अर्थात् आश्रम गृहहरुमा राख्नु भन्दा घरायसी आफन्तको मार्फत शिक्षा दिक्षा दिने व्यवस्था गरिनु पर्दछ । अन्यथा अपराधिक हुन्छ ।" भन्ने थप गर्ने । |
| | | | १२२ | "ज्येष्ठ नागरिक सम्बन्धी छोरा छोरीले ११ % खर्च व्यहोर्ने गरी समेत जिम्मेवारी लिनु पर्दछ । राज्यको दायित्वसँग पारिवारिक दायित्व, माया ममता समेत ज्येष्ठ नागरिकहरुलाई राख्नु पर्ने ।" भन्ने थप गर्ने । |
| | | | १२८ | "हरेक स्थानीय तहमा कम्तीमा १ विद्यालय स्मार्ट भन्दा सबै विद्यालयलाई स्मार्ट बनाउँदै लाने" शब्द थपिनु पर्ने । |
| १४. | मा० श्री ज्वाला कुमारी साह | ने.क.पा. एमाले | ५ | "अहिले देशको आर्थिक अवस्था के छ समस्या सहितको" शब्दहरु राख्नुपर्ने । |
| | | | ३१ | "कृषि क्षेत्रमा भोगेका समस्याहरु लेख्नुपर्ने अबको उत्पादनमा विशेष जोड दिनुपर्ने" शब्दहरु राख्नुपर्ने । |
| | | | ५१ | "सुकुम्बासी एवं अव्यवस्थित बसोबास यति महिना भित्र यति वर्ष भित्र" शब्दहरु राख्नुपर्ने । |
| | | | ६५ | "बारा जिल्ला ऐतिहासिक पुरातात्विक गढीमाई, सिम्रौनगढ लगायत विश्व सम्पदाहरु सूचीमा" शब्दहरु राख्नुपर्ने । |
| १५. | मा० श्री प्रेम सुवाल | नेपाल मजदुर किसान पार्टी | १ | आजसम्मको जनआन्दोलनमा शहीद र घाइते हुनु भएको तथा जनआन्दोलनका योद्धाहरूको सपना- देशको सार्वभौमिकता रक्षा र सीमा सुरक्षा गर्ने, शिक्षा-स्वास्थ्य निःशुल्क र स्वदेशमा रोजगारीको व्यवस्था गर्ने, नेपालीको सम्पत्तिको सिमाङ्कन गर्ने र विदेशमा सम्पत्ति राख्न नपाउनेलगायत पूरा गर्ने प्रतिवद्धता दोहोऱ्याउँछौं । सार्वजनिक पदमा बसेका र ठूलठूला निजी उद्योगी-व्यापारीहरूको सम्पत्ति वर्षेनी सरकारलाई बुझाउन लगाइने र सार्वजनिक गराइने छ । |

| क्र.सं. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यको नाम | सम्बन्धित दल | नीति तथा कार्यक्रमको बुंदा नं. | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| | | | २ | २०७९ मंसिर ४ गते सम्पन्न निर्वाचनमा सामान र पैसा बाँड्ने, भोज भतेर खुवाउने, नेपाली सेना, प्रहरी र निजामति कर्मचारीको दुरुपयोग गर्ने, हेलिकप्टरमा प्रचार गर्ने, बुथ कब्जा गर्ने पार्टी र उम्मेदवारमाथि कारवाही गर्न अधिकार सम्पन्न उच्चस्तरीय छानविन समिति गठन गरिनेछ। |
| | | | ६ | सन् १८१६ को सुगौली सन्धियता नेपाली युवालाई गोर्खा भर्तीमा पठाइएवापत राणा प्रधानमन्त्रीहरूलाई वेलायती सरकारबाट प्राप्त भएको अर्बौ रुपैया" आफ्नो पेवा बनाई नेपाल र भारत लगायतमा तत्कालीन राणा शासकहरूले चल अचल सम्पत्ति जोडेको जफत गरी नेपालको राज्य कोषमा ल्याइने छ। पञ्चायतकालदेखिका प्रधानमन्त्री, मन्त्री, सांसद र उच्च अधिकारीहरूको सम्पत्ति छानविन गरी भ्रष्टाचारीहरूलाई हदैसम्मको कारवाही गरिनेछ। |
| | | | ७ | संघीयताविरुद्ध उठिरहेको जनआवाजलाई सम्वोधन गर्न स्थानीय तहलाई पूर्णरुपमा विकेन्द्रीकरण र स्वायतता प्रदान गरिने छ। कर्णाली र तराईका गरिव जनताको उत्थानको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ। राजस्वको ४० प्रतिशत मात्र चालु खर्च हुने र ६० प्रतिशत पुँजीगत खर्च हुने बजेट बनाइने छ। |
| | | | ८ | काठमाडौं उपत्यकाको पुरानो वस्तीमा भूकम्पबाट क्षति भएको घर पुनः निर्माण गर्न सहुलियत ब्याज दरको ऋण र अनुदान रकम बढाएर उपलब्ध गराइनेछ। |
| | | | १० | राज्यको स्वामित्वमा उत्पादन र वितरण गर्नु नै समाजवाद उन्मुख अर्थतन्त्रको आधार भएकोलाई आत्मसात गरिने छ। सार्वजनिक क्षेत्रलाई अर्थतन्त्रको मेरुदण्डको रुपमा लिइनेछ। हेभी इक्विटमेन्ट डिभिजनको सहयोगमा नेपाल पूर्वाधार विकास कम्पनीमार्फत विकास निर्माणको काम अघि बढाइने छ।'क' र'ख' वर्गका ठेकेदारको अनुमति पत्र तत्काल खारेज गरिने छ। |
| | | | २१ | सहकारीको कार्य क्षेत्र शुरुमा वडा र त्यसपछि पालिकास्तरसम्म मात्र विस्तार गर्न पाउने कानुन बनाई बचतकर्ताको अर्बौ रुपैयाँ घोटालामा संलग्न सम्वन्धित सहकारी संस्थाका सञ्चालकहरूको घैघरानाबाट बचत फिर्ता गराइने छ। निजी बैङ्कहरू सरकारी स्वामित्वमा ल्याइने छ। उद्योगको नाममा हदबन्दीभन्दा बढी जग्गा राख्न लिइने छैन। |
| | | | २२ | नेपालीले राख्न पाउने चल-अचल सम्पत्तिको सीमाङ्कन गरी पुँजी बजारमा सरकारी र सार्वजनिक लगानीलाई बढाइने छ। संघ, प्रदेश र स्थानीय सरकारको योजना र बजेटको सीमा निर्धारण गरी परिभाषित गरिने छ। सरकारी राजस्वलाई प्रधानमन्त्री, मन्त्री र सत्ता पक्षका सांसदहरूको पेवाजस्तै बनाएकोलाई अन्त्य गरिने छ। |
| | | | ३० | मन्त्रालयको योजनालाई नै आफ्नो योजना बनाउँदै आएको राष्ट्रिय योजना आयोग र नेपालको नदीनाला, जंगल, जमिन, जडिवुटी विदेशी एकाधिकार पुँजीलाई दिँदै आएको नेपाल लगानी बोर्डलाई अविलम्व खारेज गरिने छ। |
| | | | ३५ | जोत्नेलाई जमिन वितरण, निःशुल्क सिंचाई, बीउविजन र प्रविधिको व्यवस्था गरिने छ। आव २०८०/८१ भित्र देशमै रासायनिक मल कारखाना स्थापना गरिने छ। जैविक खेतीलाई जोड दिई आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गरिने छ। निजी प्लटिङ गर्न अनुमति दिइने छैन। हलिया, कमैया, हरुवा, चरुवा, भूमिहीन, सुकुम्वासीलाई जमिन्दारको जमिन दिइने छ। |
| | | | ४२ | तराईको प्राणको रुपमा रहेको चुरे क्षेत्रको खनिज वस्तु दोहन पूर्णरुपमा वन्द गरिने छ। वडास्तरमै वृक्षारोपन र जंगल संरक्षण अभियान सुरु गरिने छ। नेपालको साल काठको तस्करी नियन्त्रण गरी मुलुकलाई काठमा आत्मनिर्भर बनाइने छ। राष्ट्रिय निकुञ्ज क्षेत्र विस्तार गरी मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन गरिने छ। |
| | | | ४९ | सरकारी नापी नक्सा र फिल्डवुकमा सार्वजनिक जंगल, कमल पोखरी, पर्ती, नदी जनिएकोलाई व्यक्तिको नाममा दर्ता गरी जस्तो सुकै संरचना निर्माण गरिएको भए पनि सो जग्गा र संरचना अविलम्व पुनः सरकारी र सार्वजनिक स्वामित्वमा ल्याइने छ। यो घोटालामा संलग्न भएकालाई हदैसम्मको कार्वाई गरिने छ। |
| | | | ५२ | नागरिकता परिचय पत्रमै नागरिकको आवश्यक विवरण समावेश हुने व्यवस्था गरी राष्ट्रिय परिचय पत्र, गरिव घर परिवार पहिचान तथा परिचय पत्र, सामाजिक सुरक्षा कार्ड, अपाङ्ग, दलित, सीमान्तकृत र विपन्न परिवार परिचय पत्र लगायत खारेज गरी बजेट सदुपयोग गरिने छ। |
| | | | ५५ | वैदेशिक लगानीसँगै विदेशी सेनासमेत आउने हुँदा देशभित्रकै लगानीलाई प्रोत्साहन गरिने छ। सस्तोमा वेचिएका उद्योगहरूलाई जफत गरी पुनः सरकारी स्वामित्वमा ल्याइने छ। आव २०७३/७४ को सरकारी प्रतिवद्धताअनुसार मानव वस्तीको बीचमा परेको र भक्तपुर |

| क्र.सं. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यको नाम | सम्बन्धित दल | नीति तथा कार्यक्रमको बुंदा नं. | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| | | | | दरबार क्षेत्रसँगै जोडिएको ध्वनी, धुँवा र रसायन प्रदुषण फैलाइरहेको भक्तपुर औद्योगिक क्षेत्रलाई आव २०८०/८१ को पहिलो त्रैमासभित्र स्थानान्तरण गरिने छ। |
| | | | ६१ | नेपालका ढुंगा खानीका ढुंगाहरू नेपाल-भारत सीमा नियमन एवम् वन्द गर्न प्रयोग गरिने छ। नेपाली भूमि कालापानीमा ७० वर्षदेखि कब्जा गरी बसेको भारतीय सेनालाई तुरुन्त हटाइने छ। नेपाली भूमि लिम्पियाधुरामा तुरुन्त जनगणना गरिने छ। नेपाली भूमि भारतमा पर्ने गरी तयार गरिएको नेपाल-भारत स्ट्रीप नक्सा (सीमा वा धर्से नक्सा) खारेज गरिने छ। |
| | | | ६४ | भारतलाई दिइएको कोशी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरुण तेस्रो, अरुण चौथो, तल्लो अरुण, पश्चिम सेती लगायत जनविद्युत परियोजना खारेज गरी नेपालीको लगानीमा जलविद्युत उत्पादन गरिने छ। |
| | | | ७२ | निर्माण सम्पन्न अन्तर्राष्ट्रिय विमानस्थल र काठमाडौं-बारा द्रुतमार्ग नेपालीको लागि वोझ भएको हुँदा १६५ ओटै निर्वाचन क्षेत्रमा शहर विकास गरी अन्तर्राष्ट्रिय विमानस्थल र द्रुतमार्गको बजेटलाई विश्वविद्यालय र अस्पतालमा लगाइने छ। |
| | | | ८५ | काठमाडौं उपत्यका विश्वकै पहिलो वायु प्रदूषित शहर भएको हुँदा संघीय राजधानी पश्चिम नेपालको दाङ उपत्यकामा विकास गर्ने र प्रधानमन्त्री, मन्त्री, सांसद एवम् उच्च अधिकारीहरूलाई आ-आफ्नो निर्वाचन क्षेत्रमा बसोवास गर्नुपर्ने कानुन बनाई देशको सन्तुलित विकास गरिने छ। |
| | | | ९८ | देश र जनतामा समर्पित आस्थाको पत्रकारितालाई जोड दिइने छ। विज्ञापनको भाषा र प्रस्तुतीको पात्र नेपाली हुनु पर्नेछ। गोरखापत्र, नेपाल टेलिभिजन, रेडियो नेपाल, राससमा शासक दलहरूको एकाधिकार अन्त्य गरिने छ। |
| | | | ११९ | ठूलठूला भ्रष्टाचारी, नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाउने, महिला वलात्कारपछि हत्या गर्ने, मानव बेचविखन गर्नेलाई कानुन संशोधन गरी कसूरअनुसार मृत्युदण्डको सजाय समेतको व्यवस्था गरिने छ। |
| | | | १२४ | सरकारको समानान्तर बजेट खर्च गर्दै आएको राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई पूर्णरुपमा रोक लगाइने छ। |
| | | | १४२ | क्यान्सर, किड्नी, मुटु लगायत रोगको लागि आवश्यक विदेश समेतबाट आउने गुणस्तरीय औषधीको व्यवस्था नगरेका औषधी व्यवस्था विभागका महाप्रवन्धक र सम्वन्धित अधिकारीहरूलाई ज्यान मार्ने उद्योगमा मुद्दा चलाइने छ। |
| | | | १४४ | ख्वप विश्वविद्यालयको विधेयक र गेटा विश्वविद्यालयको विधेयक यसै अधिवेशनमा पारित गरिने छ। प्रत्येक वडा र टोलमा शिशु स्याहार केन्द्र र बालउद्यान्नको व्यवस्था गरिने छ। १८ वर्ष नाघेका युवालाई ३ महिनाको सैनिक तालिम दिइने छ। विद्यालय र कलेजमा खेलकूद पूर्वाधारको पर्याप्त व्यवस्था गरिने छ। |
| | | | १५१ | नेपाली युवालाई स्वदेशमा रोजगारी दिइने छ। वैदेशिक रोजगारीमा पठाउने निहुँमा ठगीसमेत गरेका एक हजारभन्दा बढी म्यानपावर कम्पनीहरूलाई अविलम्व खारेज गरिने छ। निजी क्षेत्रका श्रमिकको लागि मात्र ट्रेड यूनियनको व्यवस्था गरिने छ। |
| | | | १५९ | जेष्ठ नागरिक, अशक्त, अपांगहरुलाई घरदैलोमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराईने छ। आव २०८०/८१ देखि ६० वर्ष नाघेका किसानलाई निजामति सेवाका अधिकृत सरहको निवृतिभरणको व्यवस्था गरिने छ। |
| | | | १६६ | २०६३ सालयता सर्जमिन गराई विदेशीलाई जन्मको आधारमा नेपाली नागरिकता दिइएको खारेज गरिने छ। आमा र बुबा दुबै वंशजको नेपाली नागरिकका छोराछोरीलाई मात्र वंशजको आधारमा नेपाली नागरिकता दिइने छ। गैर आवासीय नेपाली नागरिकलाई विदेशको नागरिकता नत्यागेसम्म सांस्कृतिक, सामाजिक र आर्थिक लगायत अधिकार दिइने छैन। |
| | | | १६९ | दार्चुलामा भारतले महाकाली नदी १० मिटर अतिक्रमण गरी बनाएको ढुंगाको पर्खाल अविलम्व भत्काइने छ। मेची नदी पूर्वको ग्वालावस्ती तथा सिसौडाँगी र महाकाली नदी पश्चिमको दोधारा चाँदनीका जनतालाई आवश्यक शिक्षा, स्वास्थ्य, रोजगारीको व्यवस्था सोही स्थानमै गरिने छ। नेपाली भूमि सुस्तामा भारत अतिक्रमित काठमाडौं उपत्यकाजति क्षेत्रफल बरावरको जमिन अविलम्व फिर्ता लिइने छ। |
| | | | १७४ | सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गर्ने र नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाउने लगायतमाथि नेपाल प्रहरीबाट भएको अनुसन्धान प्रतिवेदनमा महान्यायाधिवक्ताको कार्यालयद्धारा मुद्दा कमजोर बनाइने वा नचलाइने निर्णय हुने छैन। |
| | | | १७७ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरू भ्रष्टाचारविरोधी लेख र पुस्तक लेखेका, आन्दोलनमा लागेकाहरू बीचबाट निर्वाचन गराई नियुक्ति गरिने छ। आयोगका कर्मचारी पनि निजामतिबाट काजमा ल्याउन नपर्ने गरी अलग व्यवस्था गरिने छ। |

| क्र.सं. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यको नाम | सम्बन्धित दल | नीति तथा कार्यक्रमको बुंदा नं. | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| | | | | राष्ट्रिय सतकर्ता केन्द्र र सम्पत्ति शुद्धीकरण विभाग आयोग मातहत ल्याइने छ । |
| | | | १८२ | तत्कालीन सरकारले रुसविरुद्ध युक्रेनको पक्षमा संयुक्त राष्ट्र संघमा मत दिएको नेपालको असंलग्न परराष्ट्र नीति विपरीत भएको हुँदा सो मत फिर्ता लिइने छ । भारतले रुससँग ४० प्रतिशत छुटमा खरिद गरेको इन्धनमा पूरै मूल्य बनाई नाफा थपेर नेपाललाई पठाएकोमा विरोध एवम् भर्त्सना गरिने छ । वर्तमान र भविष्यको अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने देशघाती एमसीसी सम्झौता र अमेरिकी सेनाले नेपाली ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारी अविलम्व खारेज गरिने छ । सार्क बैठक तत्काल बस्न आवश्यक पहल गरिने छ । |
| | | | १८४ | करोडौं करोड रुपैयाँ असुलेर राजदूत नियुक्ति गरिएकैले आर्थिक कुटनीति प्रभावकारी नभएको हुँदा अब उप्रान्त लिखित र अन्तर्वार्ता परीक्षामा उतीर्ण योग्य व्यक्तिलाई राजदूत नियुक्ति गरिने छ । |
| | | | १८८ | सार्वजनिक ऋण २० खर्बभन्दा बढी पुगेको हुँदा प्रत्येक वर्ष ३-३ खर्ब भुक्तानी हुने गरी बजेट बनाइने छ । आन्तरिक उत्पादन वृद्धि गरी २० खर्ब पुगेको व्यापार घाटालाई पाँच वर्षभित्र शून्य बनाइने छ । पाँच वर्षसम्म मूल्यवृद्धि नगरी नगराई नेपालीलाई राहत दिइने छ । |
| १६. | मा० श्री दयाल बहादुर शाही | ने.क.पा. एमाले | १ | “जनआन्दोलन, राजनीतिक क्रान्ति, जनयुद्ध, मधेश आन्दोलन” शब्दहरु थप गर्ने । |
| | | | २ | “जनता जनार्दनको ताजा जनादेशको माध्यमबाट” शब्दहरु थप गर्ने । |
| | | | ५ | “आर्थिक परिसूचक सकारात्मक छैनन्” शब्दहरु थप गर्ने । |
| | | | ६ | “छानविनमा आएका भ्रष्टाचारका घटनामा सरकार गठबन्धन र प्रमुख प्रतिपक्ष दलका नेता संलग्न देखिनु चिन्ताजनक अवस्था हो” शब्दहरु थप गर्ने । |
| | | | ११ | “मानव विकास सूचकांकमा पछाडि परेका बाजुरा लगायत एक तिहाई जिल्लामा” शब्दहरु थप गर्ने । |
| | | | २१ | “सहकारी घरायसी ऋणी माथि शून्य संवेदना अपनाइने छ” शब्दहरु थप गर्ने । |
| | | | ३२ | “अनुदानलाई लुटानको रुपमा प्रयोग गरिहाले पाँच बर्ष पुराना फर्मलाई मात्र उनीहरुको लेखापरीक्षण रिपोर्ट हेरेर मात्र प्रदान गरिनेछ । १० वर्ष सञ्चालनमा नरहेका फर्मको अनुदान रकम फिर्ता लिने गरी शून्य सहनशिलता अपनाउने ।” भन्ने थप गर्ने । |
| | | | ४८ | “सामुदायिक वन फलाउने धन” भन्ने थप गर्ने । |
| | | | ८४ | “सडक, ढल, विद्युत, खानेपानी १ पटक बनेपछि पाँच वर्ष चलाउने व्यवस्था मिलाइनेछ ।” भन्ने थप गर्ने । |
| | | | १२४ | “गैरसरकारी संस्था अख्तियारको छानविनमा ल्याइने छ ।” भन्ने थप गर्ने । |
| | | | १५५ | “वैदेशिक रोजगारीमा रहेकालाई पुरस्कार र प्रोत्साहन । परिवार र देश प्रतिको दायित्व रहने ।” भन्ने थप गर्ने । |
| | | | १६७ | “लागू औषध पदार्थ सेवकलाई सरकारबाट प्राप्त सेवा सहुलियत रोक्का गरिनेछ ।” भन्ने थप गर्ने । |
| | | | १६९ | “अन्तर्राष्ट्रिय सीमा” अगाडि “लिम्पियाधुरा, लिपुलेक, कालापानी समेटिएको नेपाली भूमि नेपालको सार्वभौमसत्ताको छातामा रहने गरी पहल गरिने ।” थप गर्ने । |
| १७. | मा० श्री दामोदर पौडेल वैरागी | ने.क.पा. एमाले | ३० | स्पष्ट रुपमा “नयाँ ऐन ल्याई सुदृढ तुल्याईनेछ” र “तिनै तहका सरकारहरुको योजना तर्जुमामा एकरुपता ल्याउने” कुरा उल्लेख गर्नुपर्ने । |
| | | | ३२ | “प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम” लाई स्पष्ट उल्लेख गर्नुपर्ने । |
| | | | ५२ | रहेको “गरिब परिचय पत्र” को सट्टा “राज्य सहुलियत परिचय पत्र” राख्नुपर्ने । |
| | | | ७५ | निर्माणाधिन काठमाण्डौ - रसुवागढि सडक निर्माण कार्य आगामी बर्ष भित्रै सम्पन्न गर्ने” कुरा उल्लेख हुनु पर्ने । |
| | | | १०२ | रहेको “एक पालिका- एक हुलाक अवधारणा” को सट्टा “पालिकामा रहेका हुलाक सेवालाई डिजिटल सेवाकेन्द्रका रुपमा विकास गर्ने” राख्नुपर्ने । |

| क्र.सं. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यको नाम | सम्बन्धित दल | नीति तथा कार्यक्रमको बुंदा नं. | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| १८. | मा० श्री महेश कुमार बतौला | ने.क.पा. एमाले | | नीति तथा कार्यक्रममा देहायका बुँदाहरु थप गर्नेः<br>बढ्दो कृत्रिम रासायनिक मल र विषादीको प्रयोगका कारण खेतियोग्य माटोको उर्वरा शक्ति दिन प्रति दिन कमजोर हुँदै गइरहेको छ । त्यसैले जैविक/प्रारङ्गिङ्ग खेति प्रणालीलाई प्रोत्साहित गर्न र नेपालको वन स्रोतको समेत सदुपयोग गरि त्यसमा आधारित रहेर रोजगारी समेत निर्माण गर्न "एक प्रदेश एक प्राङ्गारिक मल कारखाना" निर्माण गर्ने नीतिलाई अगाडि बढाउनु पर्ने । प्राङ्गारिक मलमा ८० प्रतिशत समेत अनुदानको व्यवस्था गर्नुपर्ने । |
| | | | | विद्यालय आवत जावत गर्न मै घण्टौ हिड्नुपर्ने भौगोलिक विकटता र कोठा भाडामा लिएर बस्न नसक्ने कमजोर आर्थिक अवस्थाका कारण विद्यार्थीहरुले माध्यामिक तहको समेत अध्ययन बिचमै छोड्नु पर्ने विवशता रहेकोले प्रत्येक पालिकामा कम्तीमा २०० जना सम्म विद्यार्थी बसी अध्ययन गर्न सकिने "एक पालिकामा एक आवासिय विद्यालय" को नीति निर्माण गर्नुपर्ने ।<br>दिवा खाजा कार्यक्रमलाई कक्षा १० सम्म विस्तार गरी मदरशा र बौद्ध शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई पनि दिवा खाजा कार्यक्रममा सहभागि गराउनु पर्ने साथै हाल दिँदै आएको दिवा खाजा कायक्रम बापतको प्रति विद्यार्थी रकम वृद्धि गर्नु पर्ने । |
| | | | | कृषि उत्पादनमा युवा आकर्षण र सहभागितालाई वृद्धि गरी बढ्दो बेरोजगारी समस्या न्यूनिकरण गर्न तथा आन्तरिक उत्पादकत्व वृद्धि गर्न कृषि परियोजनाहरुमा परियोजनाका अधारमा नागरिकता धरौटी राखेर रु. १ करोडसम्म वित्तिय पहुँच सुनिश्चित गर्नुपर्ने साथै परियोजना सुरक्षणको लागि बीमाको व्यवस्था जसमा तीन दलको सरकार र उद्यम सञ्चालकले २५/२५ प्रतिशतका दरले बीमा प्रिमियम भुक्तानि गर्ने व्यवस्था सुनिश्चित गर्नु पर्ने र उत्पादनको आधारमा अनुदान उपलब्ध गराई उत्पादनको समर्थन मूल्य निर्धारण गरि सोको बजारको सुनिश्चितता गर्नुपर्ने । |
| | | | | चेपाङ, बनकरीया, बोटे लगायत अति सिमान्तकृत तथा लोपोन्मुख जातिहरुको आर्थिक समुन्नतीका लागि विशेष कार्यक्रम सञ्चालन गर्नु पर्ने । |
| १९. | मा० श्री सूर्य प्रसाद ढकाल | ने.क.पा. (एमाले) | ३१ | "जमिनको वर्गिकरण गर्ने" शब्दहरु थप गर्ने । |
| | | | ४४ | "मध्यवर्ती क्षेत्रलाई जिल्ला डिभिजन कार्यालयको मातहतमा राखिनेछ । मध्यवर्ती क्षेत्रमा बसोबास गरेकाहरुको एक घर २५ लाख जिवन विमा एक गोठ ८ लाख पशु विमाको व्यवस्था गर्ने" थप गर्ने । |
| | | | ७४ | "सडक विस्तार गर्दा ढल खानेपानी विद्युत सञ्चार जस्ता पूर्वाधार सुनिश्चित गरेर मात्र सडक बनाउने र सडकले आफ्नो क्षेत्राधिकार भित्रको सडक विस्तार गर्दा कसैको अनुमति लिनुनपर्ने" भन्ने थप गर्ने । |
| | | | १२५ | "चालीस हजार शिक्षक दरबन्दी कायम गर्नुपर्ने । शिक्षकको तलबहरु र एकै प्रकारको भत्ता बनाउनु पर्ने" भन्ने थप गर्ने । |
| | | | १५० | "कोहलपुर क्रिकेट मैदान" उल्लेख गर्नुपर्ने । |
| २०. | मा० श्री सुमना श्रेष्ठ | राष्ट्रिय स्वतन्त्र पार्टी | ५ | वर्तमान सरकार...... रिपोर्ट कार्ड नियमित रुपमा प्रस्ततु गर्ने वाचा गर्नु भएको......" को सट्टा "... रिपोर्ट कार्ड महिनाको अन्तिम शुक्रबार प्रधानमन्त्री कार्यालयको वेभसाइटमा Gantt chart र Infographics मार्फत सबैले सजिलोसँग बुझ्ने गरी प्रस्तुत गर्ने छन् । साथै असार १५ गते सम्म हरेक बुँदाको (यस नीति तथा कार्यक्रममा लेखिएका) मापन रेखाचित्र (milestones with timeline) प्रधानमन्त्री कार्यालयको वेभसाइटमा राखिनेछ ..." |
| | | | ११ | संविधान र .... , उत्पादन र रोजगारी वृद्धि ...... " को सट्टा "... उत्पादन र रोजगारी हरेक महिनामा न्यूनतम ५% ले बृद्धि, ... " |
| | | | २८ | अन्तिममा "समयमा जसका कारण कार्य सोचे र तोके अनुरुप सम्पादन हुदैन, सतर्कता केन्द्र र अख्तियार दुरुपयोग आयोगले छानबिन गर्नेछ ।" थप गर्ने । |
| | | | ३१ | पहिलो हरफको सट्टा "कृषि क्षेत्रको ... क्रमशः गोलभेडा, काउली, गाँजर, केरा, बन्दा, च्याउ, आलु, प्याज, इत्यादि तरकारीमा यो आर्थिक वर्षमा आत्मनिर्भरता हासिल गरिनेछ ।" भन्ने राख्ने । |
| | | | ३४ | खाद्यान्न शब्द पछि "प्रशोधन" शब्द थप गर्ने । |
| | | | ३८ | पहिलो हरफको सट्टा "रासायनिक मलको खरिद सहजिकरण र अनुदानमा रेड टेप हटाएर समयमै उपलब्ध गराइनेछ ।" भन्ने राख्ने । |

| क्र.सं. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यको नाम | सम्बन्धित दल | नीति तथा कार्यक्रमको बुंदा नं. | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| | | | ५६ | अन्तिममा "हेटौंडा सिमेन्ट र उदयपुर सिमेन्ट कारखानालाई सञ्चालनमा ल्याइनेछ। साथै यी सबै कारखानाहरूमा बेथितिको अध्ययन गराई सो बेथिति बसाउने कर्मचारी, संचालक समिति र जेनेरल म्यानेजरहरू जो सुकै भए पनि भ्रष्टाचारको दायरामा ल्याएर कारवाही गरिनेछ।" थप गर्ने। |
| | | | ६४ | अन्तिमा "EV रुपान्तरणलाई प्रोत्साहन दिने र त्यसलाई कानूनत सडकमा गुड्न दिने। ७ वर्ष पुराना सरकारी स्वामित्वका दुई पांग्रे तथा चार पांग्रे सबै सवारीलाई रुपान्तरणमा प्राथमिकता दिने र त्यसै अनुरुप चार्जिङ्ग स्टेसनहरूको निर्माण गर्ने। निजी क्षेत्रमा सार्वजनिक यातायातका साधनहरूलाई प्रोत्साहन हुने गरी कार्यक्रमहरू ल्याउने। EV रुपान्तरणलाई व्यपकता दिने। टेस्टिङ्ग र सेफ्टी प्रोटोकलहरू र उपकरणहरू सरकारले बनाउने। " भन्ने थप गर्ने |
| | | | ६७ | "स्थलहरुलाई" भन्ने शब्द पछि "सफा, अपाङ्गमैत्री, सुरक्षित बनाउन" भन्ने थप गर्ने |
| | | | ७० | अन्तिममा "साथै यस क्षेत्रको लागि चाहिने जनशक्तिको लागि तालिम र नेपालीहरू मार्फत नै सकेसम्म यस्ता आरोहणहरू प्रोत्साहन गर्न चाहिने मार्केटिङ्गमा पनि सहयोग गर्ने" भन्ने थप गर्ने। |
| | | | ७२ | नेपाल वायुसेवा निगमको पुनः संरचना गरिनेछ। " को सट्टा "यसै आर्थिक वर्षभित्र CAAN लाई नियामक र सेवा प्रदान गर्ने गरी पुनः संरचना गरिनेछ" " भन्ने थप राख्ने। |
| | | | ८० | पहिलो हरफको सट्टा "सरकारी कार्यालहरूमा यो आर्थिक वर्षमा पेट्रोलियम, डिजेल वा विद्युतीय सवारी कुनै पनि सवारी साधन खरिद गरिने छैन।" भन्ने राख्ने। |
| | | | ८७ | अन्तिममा "साथै राजमार्ग वरिपरि रहेका युवा तथा अन्य क्लबहरूलाई First Aid र First Responder तालिम दिइनेछ।" भन्ने थप गर्ने |
| | | | ९५ | अन्तिममा "यसका लागि चाहिने आवश्यक समन्वय र स्वामित्वको लागि शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय र अरु सबै सम्बन्धित मन्त्रालयहरूको बजेट र कार्यक्रम भएको निर्धारण गरेर मात्रै गरिनेछ" भन्ने थप गर्ने |
| | | | ९७ | अन्तिममा "यसको कार्यको औचित्य पूर्तिको लागि चाहिने तालिम प्राप्त जनशक्तिको लागि शिक्षा मन्त्रालयसँग समन्वय गरिनेछ। साथै डाटा दुरुपयोग गर्नेलाई कडा कार्वाही हुने गरी कानून निर्माण गरिनेछ।" भन्ने थप गर्ने |
| | | | ९८ | थप गर्न पर्ने "... माथि जे सुकै लेखिएको भएता पनि नागरिकको वाक स्वतन्त्रता माथि कुनै पनि कानून लगाएर त्यसलाई संकुचित गरिनेछैन। यद्यपि नेपालको संविधानले सुरक्षित गरिएको मौलिक हकहरू कायमहुने गरी वाक स्वतन्त्रताको परिभाषा आउने गरी कानून बनाइने छ। साथै मिडिया काउन्सिलले आफ्नो सबै गतिविधि Infographics बनाई आफ्नो वेभसाइटमा राख्नेछ। " |
| | | | १०१ | थप गर्न पर्ने "भौतिक र उर्जा मन्त्रालयसँग समन्वय गरेर मात्रै काम गरिनेछ।" |
| | | | १०२ | बुँदा नं. १०२ को सट्टा "हुलाकलाई पूनर्जागरण गर्न Digital Address र निजी लोजिस्टिक्स कम्पनीहरूसँग समन्वय गरेर काम गरिनेछ। " भन्ने राख्नु पर्ने। |
| | | | १०३ | थप गर्न पर्ने "... छपाइ र सफ्टवेयर डेभेलपमेन्टमा पूर्ण नेपाली कम्पनीहरूलाई प्राथमिकता दिइनेछ।" |
| | | | थप | भ्रष्टाचार विरुद्ध अभियानको लागि चाहिने तथ्याङ्क र अनुसन्धानको लागि न्यापालिकामा digital archive र searcheable database लागू गरिनेछ। न्यायपालिकाको फैसला दर बढाउन चाहिने बजेट दिइनेछ।<br>नीतिगत भ्रष्टाचार घटाउन अहिले खरिद ऐन तथा अन्य अन्यहरूको Post legislative study गरिनेछ र यी ऐनहरूमा चाहिने परिमार्जनहरूको लागि यसै वर्षभित्र सरकारले नयाँ विधेयकहरू ल्याउने छ। |

उल्लिखित क्रमसंख्या १ देखि २० सम्मको संशोधनका सूचना स्वीकृत।

(देवराज घिमिरे)
सभामुख
प्रतिनिधि सभा

मिति :- २०८०/०२/०६